नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३५५

सामाजिक सुरक्षा शाखा

मितिः २०८०-१२-०४

श्री महालेखा नियन्त्रकको कार्यलय, अनामनगर , काठमाण्डौ ।

श्री नेपाल बैंक लिमिटेड, काठमाण्डौ ।

श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, काठमाण्डौ ।

श्री नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, काठमाण्डौ ।

विषयः सामाजिक सुरक्षा भत्ता EFT मार्फत वितरण सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष २०८०/८१ देखि विभिन्न चरणमा विद्युतीय माध्यम (EFT) बाट भुक्तानी भईरहेको छ ।EFT मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा कतिपय लाभग्राहीको खातामा रकम जम्मा भएको Message प्राप्त हुने तर खातामा रकम जम्मा नभएको (Late Return) गुनासो प्राप्त भएकोछ । यसरी Late Return हुँदा लाभग्राहीको खातामा स्थानीय तहबाट पुनः रकम पठाउने व्यवस्था नरहेकोले तेस्रो त्रैमासिक देखिको भुक्तानी गर्दा Late Return हुन नदिन र पहिले Late Return भएका लाभग्राहीलाई रकम फिर्ता भएको खाताबाट पुनः जम्मा गर्ने व्यवस्था मिलाई लाभग्राहीलाई सहजीकरण गर्न/गराउनहुन आदेशानुसार अनुरोध छ ।

बोधार्थः

१. श्री गृह मन्त्रालय, सिंहदरबार ।
२. श्री नेपाल राष्ट्र बैंक, बालुवाटार, काठमाण्डौ ।
३. श्री स्थानीय तह सबै, प्रणालीको प्रतिवेदनमा success message भएको तर लाभग्राहीको खाताबाट रकम फिर्ता भएको प्रमाण प्राप्त भए सम्बन्धित कोष तथा लेखा लेखा नियन्त्रकको कार्यलयमा र बैंक तथा वित्तीय संस्थामा जानकारी गराउनुहुनका साथै VERSP-MIS मा भएका लाभग्राहीका विवरण र बैंकमा रहेका खाता सम्बन्धी विवरणमा एकरुपता कायम गर्नुहुन ।
४. श्री बैंक तथा वित्तीय संस्था सबै, आवश्यक सहजिकरण गर्नुहुन ।

(जुना खड्का खत्री )
शाखा आधिकृत

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ३५४

मिति: २०८०-१२-०४

श्री महालेखा नियन्त्रकको कार्यालय,
अनामनगर, काठमाण्डौ ।

विषयः सामाजिक सुरक्षा भत्ता EFT मार्फत वितरण सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकारबाट वितरण हुने सामाजिक सुरक्षा भत्ता आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिक देखि नै सवै स्थानीय तहबाट अनिवार्य रुपमा विद्युतीय माध्यम (EFT) मार्फत वितरण हुने निर्णय भैसकेकोले सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा कोष तथा लेखा नियन्त्रकको कार्यलयबाट चेक मार्फत भुक्तानी नहुने व्यवस्था मिलाई सहयोग गरिदिनुहुनको लागि आदेशानुसार अनुरोध छ।

बोधार्थः

१. श्री गृह मन्त्रालय, सिंहदरबार ।
२. श्री स्थानीय तह, सबै, सामाजिक सुरक्षा भत्ता EFT मार्फत भुक्तानी गर्नुहुन ।
३. श्री बैंक तथा वित्तीय संस्थाः सामाजिक सुरक्षा भत्ता EFT मार्फत भुक्तानी हुने हुँदा लाभग्राहीको खाता अपडेट गर्न आवश्यक सहजीकरण गर्नुहुन।

(जुनाखड्का खत्री)
शाखा आधिकृत

सम्पर्क नं.: ४२०००१६, ४२०००१४, ४२००८९४, ४२११५६१, टोल फ्रि नं. : १६६००१९६६६६
Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
donidcrplanning@gmail.com, account@donidcr.gov.np, Website: www.donidcr.gov.np